رِسَالَةٌ مُخْتَصَرَةٌ بِعُنْوَانِ:

# «كَيْفَ أَدْخُلُ فِي الإِسْلاَمِ؟»

مُتَرْجَمَةٌ إِلَى اللُّغَةِ: النيبالية

# « म कसरी इस्लाममा प्रवेश गर्न सक्छु? »

## (नेपाली भाषामा अनुवादित)

إِعْدَادُ الْفَقِيرِ إِلَى عَفْوِ رَبِّهِ:

**هَيْثَم بْنِ مُحَمَّدٍ سَرْحَان**

الـمُدرِّس بمعهد الحرم بالمسجد النَّبويِّ -سابقًا- والـمُشرِف على معهد السُّنَّة

https://mahadsunnah.com/

غفر الله له ولوالديه ولمن أعانه على إخراج هذا الكتاب

قامَ بتَرجَمَتِها: **محمد وسيم** - وفَّقَهُ اللهُ وسَدَّدَهُ -

الطَّبعة الأولى

[حقوق الطَّبع مُتاحةٌ لكلِّ مسلمٍ بدون أيِّ تغييرٍ في المُحتوى]

| प्रश्नः | उत्तरः |
|---|---|
| **प्रश्न: के इस्लाममा प्रवेश सजिलो छ?** | हो, इस्लाममा प्रवेश गर्न कुनै बिचौलिया वा विशेष अनुष्ठानको आवश्यकता पर्दैन। |
| **म इस्लाममा तुरुन्त प्रवेश गरूँ वा उपयुक्त समयको पर्खाइ गरूँ?** | तुरुन्त प्रवेश गर्नुपर्छ, किनकि ढिलाइले गम्भीर नतिजा ल्याउन सक्छ। मृत्यु कहिले आउँछ कसैलाई थाहा हुँदैन। इस्लाममा प्रवेश गर्नु एउटा लाभदायक व्यापार हो, जुन जति चाँडो सुरु गर्यो, त्यति धेरै नाफा हुन्छ। |
| **प्रश्न: इस्लाममा प्रवेश गर्न चाहने व्यक्तिले के गर्नुपर्छ?** | **उत्तर:** उनीले केवल यो शहादा (गवाही) भन्नुपर्छ: «أَشْهَدُ أَنْ لَا إِلَهَ إِلَّا اللهُ، وَأَشْهَدُ أَنَّ مُحَمَّدًا عَبْدُهُ وَرَسُولُهُ» *(म गवाही दिन्छु कि अल्लाह बाहेक साँचो रूपमा उपासना गर्न योग्य अरू कोही छैन, र म गवाही दिन्छु कि मुहम्मद ﷺ अल्लाहका दास र रसूल हुनुहुन्छ।)* |
| **कुन भाषामा यस शहादाको उच्चारण गर्नुपर्छ?** | व्यक्तिले राम्रोसँग उच्चारण गर्न सक्ने जुनसुकै भाषामा भन्न सक्नुहुन्छ। यसलाई अरबी भाषामै भन्नुपर्छ भन्ने कुनै अनिवार्य शर्त छैन। |
| **के यसको अर्थ नबुझिकनै भन्न मिल्छ?** | मिल्दैन; बरु यसको अर्थ बुझ्न, यसले समावेश गरेका कुराहरूमा दृढ विश्वास गर्न, र यसको सर्तहरू अनुसार कार्य गर्न अनिवार्य छ। |

| प्रश्नः | उत्तरः |
| --- | --- |
| «अश्-हदु» (أَشْهَدُ) को अर्थ के हो? | यसको अर्थ हो: म मेरो हृदयले स्वीकार र दृढ विश्वास गर्छु, मेरो जिब्रोले बोल्छु, र मेरा अंगहरूद्वारा सोही अनुसार कार्य गर्छु। |
| «ला इलाह इल्लल्लाह» (لَا إِلَهَ إِلَّا اللهُ) को अर्थ के हो? | यसको अर्थ हो: अल्लाह बाहेक साँचो रूपमा इबादत गर्न योग्य अरु कोही छैन। |
| «अन्न मुहम्मदन अब्दुहु व रसूलुहु» (أَنَّ مُحَمَّدًا عَبْدُهُ وَرَسُولُهُ) को अर्थ के हो? | यो गवाहीबाट निम्न कुराहरू अनिवार्य हुन्छन्: उहाँले दिनुभएका खबरहरूलाई सत्य मान्नु, उहाँले दिनुभएका आदेशहरूको पालना गर्नु, उहाँले निषेध गरेका र रोकेका कुराहरूबाट पूर्ण रूपमा टाढा रहनु, र उहाँको सुन्नत (मार्ग) को अनुसरण गर्नु र उहाँलाई आदर्श मान्नु। |
| मैले राम्रोसँग बुझें, अब मैले के गर्नुपर्छ? | **उत्तर:** मेरो पछि-पछि दोहोर्याउनुहोस्: «أَشْهَدُ أَنْ لَا إِلَهَ إِلَّا اللهُ، وَأَشْهَدُ أَنَّ مُحَمَّدًا عَبْدُهُ وَرَسُولُهُ». *(म गवाही दिन्छु कि अल्लाह बाहेक कोही सत्य उपास्य छैन, र म गवाही दिन्छु कि मुहम्मद ﷺ अल्लाहका दास र रसूल हुनुहुन्छ)।* |
| के अब म मुस्लिम भएँ? | हो, अल्हम्दुलिल्लाह, यो तपाईंमाथि अल्लाहको विशेष अनुग्रह हो। |
| अब एक मुस्लिमको रूपमा तपाईं मलाई के सल्लाह दिनुहुन्छ? | म तपाईंलाई सल्लाह दिन्छु कि अल्लाहसँग उहाँको धर्ममा तपाईंलाई दृढ राख्न प्रार्थना गर्नुहोस्, असल साथीहरूको संगत रोज्नुहोस् जसले तपाईंलाई यस काममा मद्दत गरून्, इस्लामको बारेमा शिक्षा हासिल गर्नुहोस्, र |

| प्रश्न: | उत्तर: |
|---|---|
| | अल्लाहको अनुमतिले तपाईंको इमान बलियो नभएसम्म आफ्नो इस्लामलाई गोप्य राख्नुहोस्। |
| **सबैभन्दा उत्तम दुआ (प्रार्थना) कुन हो?** | ﴿ ٱهۡدِنَا ٱلصِّرَٰطَ ٱلۡمُسۡتَقِيمَ ﴾ [अल-फातिहा] |
| **सबैभन्दा सजिलो जिकिर कुन हो?** | सबैभन्दा सजिलो जिकिर हो: बिस्मिल्लाह (بِسۡمِ ٱللَّهِ)। यो मस्जिद र घरमा प्रवेश गर्दा तथा निस्कँदा, कुरआन पढ्दा, शौचालय प्रवेश गर्नु अघि, लुगा खोल्नु अघि, वजू गर्नु अघि, र खानु तथा पिउनु अघि... र यस्तै अन्य अवसरहरूमा भनिन्छ। |
| **मैले इस्लाम धर्म ग्रहण गर्नुभन्दा अघि गरेका पापहरुको बारेमा के नियम छ?** | **उत्तर:** इस्लामले यसभन्दा अघि गरिएका सम्पूर्ण पापहरुलाई मेटाइदिन्छ। तर मानिसहरूको हक-अधिकार बाहेक जुन तिर्नु वा पूरा गर्नु अनिवार्य छ, ती हकहरू तिनीहरूका वास्तविक हकदारहरूलाई फिर्ता गर्नुपर्छ। |
| **शहादत दिएपछि मैले के गर्नुपर्छ?** | तपाईंले 'गुस्ल' (पूर्ण स्नान) गर्नुपर्छ। |
| **मैले गुस्ल किन गर्नुपर्छ?** | • **पहिलो कुरा:** एक मुस्लिमले अल्लाहको आदेशमा "किन?" भनेर प्रश्न गर्दैन; बरु उसले भन्छ: ﴿سَمِعۡنَا وَأَطَعۡنَاۖ﴾ हामीले सुन्यौँ र अनुपालन गर्यौँ [अन-नूर: ५१]। |

| प्रश्न: | उत्तर: |
|---|---|
| | • **दोस्रो कुरा:** तपाईंले आफ्नो बाहिरी शरीरलाई शुद्ध गर्नका लागि गुस्ल गर्नुपर्छ, जसरी तपाईंले आफ्नो भित्री आत्मालाई शुद्ध गर्नुभएको छ। |
| **ठीक छ, मैले गुस्ल कसरी गर्ने?** | आफ्नो मनमा गुस्ल गर्ने नियत राखेर, «बिस्मिल्लाह» भन्नुहोस्, र शरीरको सम्पूर्ण भागमा राम्ररी पानी पुर्याएर धुनुहोस्। |
| **गुस्ल गरेपछि के गर्ने?** | यदि नमाजको समय प्रवेश गरेको छ भने, तपाईंले अल्लाहको अनुमतिले नमाज पढ्नुपर्छ। |
| **मलाई नमाज पढ्न गाह्रो लाग्छ; किनकि यसमा केही यस्ता भनाइ र कार्यहरू छन् जुन मलाई राम्ररी आउँदैन?** | इस्लाम सहजताको धर्म हो, कठिनाइको धर्म होइन, त्यसैले सबै प्रशंसा र अनुग्रह अल्लाहकै लागि हो। |
| **मैले नमाज कसरी पढ्ने?** | तपाईंले मसँगै नमाज पढ्ने प्रयास गर्नुपर्छ, वा नमाज सिकाउने भिडियोहरू हेर्नुपर्छ। यस सन्देशको अन्त्यमा राखिएका लिङ्कहरू मार्फत सुन्नाह इन्स्टिच्युट का च्यानलहरूमा तपाईंले विभिन्न भाषाहरूमा नमाज सिकाउने भिडियोहरू पाउनुहुनेछ। |
| **त्यसपछि, नमाज पढेपछि के गर्ने?** | तपाईंले इस्लामका ती पाँच स्तम्भहरू सिक्नुपर्छ जसमा यो आधारित छ। त्यसपछि इमानका स्तम्भहरू सिक्नुपर्छ, र यसरी नै... यहाँसम्म कि तपाईंले आफ्नो इस्लाम र इमानलाई सही बनाउने सबै कुराहरू पूरा गर्नुहुनेछ। |
| **इस्लाम सिक्नको लागि तपाईं मलाई कुन-कुन** | म तपाईंलाई प्रमुख उलेमाहरू का वेबसाइटहरू र साउदी अरबमा रहेका विभिन्न समुदायहरूका |

| प्रश्नः | उत्तरः |
|---|---|
| **वेबसाइटहरू हेर्ने सल्लाह दिनुहुन्छ?** | लागि दावा केन्द्रहरूका वेबसाइटहरू भिजिट गर्ने सल्लाह दिन्छु। |
| **मेरा गैर-मुस्लिम आफन्तहरूसँग मैले कस्तो व्यवहार गर्नुपर्छ?** | तपाईंले उनीहरूसँग त्यस्तै व्यवहार गर्नुपर्छ जस्तो व्यवहार पैगम्बर मुहम्मद ﷺ ले गैर-मुस्लिमहरूसँग गर्नुभएको थियो। उहाँ ﷺ आफ्नो बोली, आफ्नो उत्कृष्ट चरित्र र आफ्नो असल व्यवहारको माध्यमबाट इस्लामको तर्फ आमन्त्रण गर्ने व्यक्ति हुनुहुन्थ्यो। |
| **कोही यस्ता व्यक्ति पनि छन् जो इस्लाम धर्म ग्रहण गर्न चाहन्छन्, तर आफ्नो परिवारलाई आफू मुस्लिम भएको कुरा बताउन चाहँदैनन्, यसको धार्मिक नियम के छ?** | इस्लाम ग्रहण गर्ने व्यक्तिको लागि कसैलाई पनि आफ्नो इस्लामको बारेमा जानकारी दिनु अनिवार्य छैन, किनभने उसको इस्लाम उसको र अल्लाहको बीचको व्यक्तिगत कुरा हो। |
| **इस्लामको सबैभन्दा उत्तम पुस्तक कुन हो?** | सबैभन्दा उत्तम पुस्तक पवित्र 'कुरआन' हो, किनभने यो महान अल्लाहको कलाम (वाणी) हो। |
| **पवित्र कुरआनको सबैभन्दा महत्त्वपूर्ण सूरा (अध्याय) कुन हो?** | महत्त्वपूर्ण सूरा 'अल-फातिहा' हो, र यसैकारण हामी यसलाई नमाजको प्रत्येक रिकातमा अनिवार्य पढ्छौं। |
| **पवित्र कुरआनको सबैभन्दा महान् आयत कुन हो?** | कुरआनको सबैभन्दा महान् आयत 'आयत-उल-कुर्सी' हो। |

| प्रश्न: | उत्तर: |
| --- | --- |
| **मैले कुरआन कसरी पढ्न सक्छु?** | कुरआनको शिक्षा लिएर, र यसको तिलावत सुनेर; जस्तै शेख अल-हुजैफी, अल-हुसरी र अन्य प्रतिष्ठित कारीहरूको तिलावत सुनेर। |
| **मैले कुरआन कसरी बुझ्ने?** | तपाईंले मुस्लिम समुदायका प्रतिष्ठित र विश्वसनीय विद्वानहरूद्वारा लेखिएका तफसीर का पुस्तकहरू पढेर यसलाई बुझ्न सक्नुहुन्छ। |
| **मैले कुरआनको तफसीर कहाँ पाउन सक्छु?** | म तपाईंलाई मदिना मुनव्वरामा रहेको 'मुजम्मा मलिक फहद' (कुरआन छपाई केन्द्र) को वेबसाइट वा प्रकाशनहरू प्रयोग गर्न सल्लाह दिन्छु। |
| **र कुरआनपछि तपाईं मलाई के पढ्न सल्लाह दिनुहुन्छ?** | म तपाईंलाई पैगम्बर मुहम्मद ﷺ का सही प्रामाणिक हदीसहरू पढ्न सल्लाह दिन्छु। |
| **हदीसको सबैभन्दा उत्तम पुस्तक कुन हो?** | हदीसका पुस्तकहरूमध्ये सबैभन्दा उत्तम र सबैभन्दा सही पुस्तक «सहीह बुखारी» हो। यसमा सम्पूर्ण मुस्लिम समुदाय सहमत छन् र यसलाई महान विद्वानहरूले सर्वमान्य मानेका छन्। म तपाईंलाई यस सन्देशको अन्त्यमा दिइएको पुस्तकहरू डाउनलोड गर्ने लिङ्क हेर्न सल्लाह दिन्छु। |
| **हदीसमा सबैभन्दा महत्त्वपूर्ण हदीस कुन हो?** | तीमध्ये सबैभन्दा महत्त्वपूर्ण हदीस 'हदीस-ए-जिब्रिल' हो, जसले दीन का तीनवटा चरणहरू: इस्लाम, इमान र एहसानको विस्तृत वर्णन गर्दछ। |

| प्रश्नः | उत्तरः |
|---|---|
| **मलाई डर लागिरहेको छ कि सायद मैले इस्लाम सिक्न सक्दिनँ कि?** | नडराउनुहोस्; बरु अल्लाहमाथि भरोसा राख्नुहोस्, अल्लाहले तपाईंको प्रयासमा अवश्य मद्दत गर्नुहुनेछ, किनकि यो धर्म सहज छ। अल्लाहले तपाईंलाई ती कामहरू गर्ने तौफीक प्रदान गरून् जुन उहाँ मन पराउनुहुन्छ र जसबाट उहाँ प्रसन्न हुनुहुन्छ।<br><br>तपाईं हाम्रो संस्था 'मअहद अस्-सुन्नाह' (सुन्नाह इन्स्टिच्युट) मा यस सन्देशको अन्त्यमा दिइएको लिङ्कमार्फत निःशुल्क रूपमा अनलाइन अध्ययन गर्न सक्नुहुन्छ।<br><br>अन्त्यमा, म तपाईंलाई पैगम्बर मुहम्मद ﷺ को यो अमूल्य भनाइ सल्लाहको रूपमा दिन चाहन्छु: **«तपाईंलाई फाइदा पुर्याउने कुराहरू हासिल गर्नमा निरन्तर प्रयास गर्नुहोस्, अल्लाहसँग मद्दत माग्नुहोस्, र हिम्मत नहार्नुहोस्»।** |

# मअहद अस्-सुन्नाह च्यानलका लिङ्कहरू:

टेलिग्राम लिङ्क:

फेसबुक लिङ्क:

वेबसाइट:

व्हाट्सएप लिङ्क:

ट्विटर (X) लिङ्क:

इन्स्टाग्राम लिङ्क:

पुस्तक डाउनलोड लिङ्क:

युट्युब च्यानल: